९ डिसेम्बर २०१२

# नेपालमा मानवअधिकार रक्षकको अवस्था

## सङ्क्षिप्त प्रतिवेदन

सन् २०१२ जनवरीदेखि २०१२ अक्टोबरसम्म

मानवअधिकार रक्षकको घोषणापत्र, १९९८ को परिभाषाले मानवअधिकार रक्षकहरूलाई व्यापक अर्थमा बुझाएको भए पनि खासगरी घोषणापत्रमा परिभाषित रक्षकहरूमध्ये शिक्षक, सञ्चारकर्मी, कानुनव्यवसायी, स्वास्थ्यकर्मी र मानवअधिकार सङ्घसंस्थामा कार्यरत् व्यक्तिहरू (मानवअधिकारकर्मी)को मानवअधिकार उल्लङ्घन र ज्यादती विगत १० महिनामा कसरी भयो भन्ने बारेमा यस प्रतिवेदनमा उल्लेख गरिएको छ । इन्सेकको अभिलेखमा सन् २०१२ जनवरीदेखि अक्टोबरको (२०६८ पुस १७ देखि २०६९ कात्तिक १५ सम्म) अन्त्यसम्म प्राप्त भएका घटनाहरू नै यस प्रतिवेदनका आधार हुन् ।

| पीडितपक्ष | पीडित | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| सञ्चारकर्मी | ७३ | ६ | ७९ |
| मानवअधिकारकर्मी | ५० | ६ | ५६ |
| शिक्षक | ५१ | २ | ५३ |
| कानुनव्यवसायी | ७ | - | ७ |
| स्वास्थ्यकर्मी | ६ | - | ६ |
| **जम्मा** | १८७ | १४ | २०१ |

बितेका १० महिनामा मानवअधिकार रक्षकका अधिकार विरुद्ध भएका घटनामा १ सय ८७ पुरुष र १४ महिला गरी जम्मा २ सय १ जना मानवअधिकार रक्षकहरू पीडित भए । सबैभन्दा बढी पीडित हुनेमा सञ्चारकर्मी रहेका छन् । यस अवधिमा ७३ पुरुष र ६ महिला गरी जम्मा ७९ सञ्चारकर्मी पीडित भए । विभिन्न मानवअधिकार सङ्घसंस्थामा कार्यरत् ५० पुरुष र ६ महिला कार्यकर्ताहरूलाई कुटपिट, आक्रमण र दुर्व्यवहार गरियो । त्यसैगरी, ५१ पुरुष र दुई महिला गरी जम्मा ५३ शिक्षकहरू राज्य, राजनीतिक दल तथा उनीहरूका भातृसङ्गठन, सर्वसाधाराण र सशस्त्र समूहबाट हत्या, धम्की, दुर्व्यवहार, कुटपिटबाट पीडित हुनु पर्‍यो । पीडित हुनेहरूमा कानुनव्यवसायी र स्वास्थ्यकर्मीहरू पनि रहेका छन् । यस अवधिमा सातजना कानुन व्यवसायीलाई आक्रमण र दुर्व्यवहार भयो भने छजना स्वास्थ्यकर्मी कुटपिट र आक्रमणबाट पीडित भए ।

देशमा व्याप्त दण्डहीनताका कारण राजनीतिक दलका प्रतिनिधीहरू र उनीहरूका भातृसङ्गठनका कार्यकर्ताहरू (गैरराज्यपक्ष)*, प्रहरी, सरकारी कर्मचारी (राज्यपक्ष)**, अज्ञात समूहबाट मानवअधिकार रक्षकहरूको अधिकार हनन र ज्यादती हुँदैआएको छ । आफ्नो पेशामा निरन्तर सक्रिय भएका कारण उनीहरूको हत्या गर्ने, अपहरण गरिने, कुटपिट, दुर्व्यवहार, ज्यानको धम्कीसमेत आउने गरेको पाइएको छ । विगत १० महिनाको अवधिमा राज्यपक्षबाट ८६ पुरुष र पाँच महिला गरी ९१ मानवअधिकार रक्षक पीडित भए भने गैरराज्यपक्ष ९३ पुरुष र नौ महिला गरी १ सय दुई जनाको मानवअधिकारमाथि ज्यादती भयो । त्यसैगरी, अज्ञात समूहबाट ८ जना पुरुष रक्षकहरू पीडित भए ।

| पीडकपक्ष | पीडित | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| राज्यपक्ष | ८६ | ५ | ९१ |
| गैरराज्यपक्ष | ९३ | ९ | १०२ |
| अज्ञात | ८ | - | ८ |
| **जम्मा** | १८७ | १४ | २०१ |

यस अवधिमा कूल पाचजना अधिकार रक्षकको हत्या भयो । सर्वोच्च अदालतका न्यायधीशसमेतको हत्या गरियो । न्यायाधीश ६४ वर्षीय रणबहादुर बमलाई ०६९ जेठ १८ गते युएन पार्कस्थित बागमती किनारमा कार्यालयतर्फ जाने क्रममा मोटरसाइकलमा आएका अज्ञात व्यक्तिले गाडी रोकी गोली हानी हत्या गरेका थिए । यस अवधिमा विभिन्न समयमा आफ्नो माग सम्बोधन गरियोस् भनी भेला भएका ४२ जना अधिकारकर्मीलाई गिरफ्तार गरियो ।

यस अवधिमा ५० जनालाई कुटपिट, ३२ जनालाई धम्की, १६ जना घाइते, २१ जनालाई दुर्व्यवहार, २५ जनालाई भेला हुन पाउने अधिकार, तीनजना जातीय छुवाछूत, २ जना अपहरित र पाँच जनाको सम्पत्ति लुटपाट गरिएका घटनाहरू अभिलेखीकरण भए ।

| पीडितपक्ष | हत्या | गिरफ्तार /यातना | अपहरण | कुटपिट | धम्की | घाइते | दुर्व्यवहार | भेला हुने अधिकार | जातीय छुवाछूत | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सञ्चारकर्मी | १ | १ | १ | २५ | २७ | ४ | १४ | १ | १ | ४ | ७९ |
| मानवअधिकारकर्मी | | ३२ | | ९ | १ | ७ | ३ | २ | २ | | ५६ |
| शिक्षक | २ | ५ | १ | १३ | ३ | ३ | ४ | २२ | | | ५३ |
| कानुनव्यवसायी | १ | ४ | | | | २ | | | | | ७ |
| स्वास्थ्यकर्मी | १ | | | ३ | १ | | | | | १ | ६ |
| **जम्मा** | **५** | **४२** | **२** | **५०** | **३२** | **१६** | **२१** | **२५** | **३** | **५** | **२०१** |

**निष्कर्ष**

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मानवअधिकार रक्षकहरूको सम्मेलनले पारित गरेको पेरिस घोषणा १९९८, संयुक्त राष्ट्रसङ्घले जारी गरेको मानवअधिकार रक्षकको अधिकारसम्बन्धी घोषणापत्रमा उल्लेखित अधिकारहरू, नेपालको अन्तरिम संविधान, २०६३, नेपाल पक्षराष्ट्र भएका मानवअधिकारसम्बन्धी महासन्धिहरूमा उल्लेखित अधिकारहरू यस अवधिमा व्यापक हनन भयो । दश महिनाको अवधिमा मानवअधिकार रक्षकको अधिकार उल्लङ्घन र ज्यादतीका २ सय १ जना अधिकारकर्मीहरू पीडित भए । दण्डहीनता कायम रहनु राजनीतिक अस्थिरता बढ्दै गएको अवस्थामा स्थानीयस्तरमा क्रियाशील मानवअधिकार रक्षक भय र त्रासमा रहनु परेको अवस्था विद्यमान छ ।

**सुझाव**

- मानवअधिकार रक्षकको अधिकारको संरक्षणका लागि राष्ट्रिय मानवअधिकार आयोगमा राष्ट्रिय समाधिक्षक शीघ्र नियुक्त गर्नुपर्ने ।
- सन्धिजनित निकाय र विश्वव्यापी आवधिक समीक्षाबाट नेपाललाई प्राप्त भएका सिफारिसहरूको शीघ्र र प्रभावकारी कार्यान्वयन गर्ने ।
- मानवअधिकार रक्षकहरूको अधिकारको अवस्था अनुगमन गर्न मानवअधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधिलाई नेपाल भ्रमण गर्न आमन्त्रण गर्ने ।
- मानवअधिकार रक्षकको अधिकार संरक्षण र सुरक्षाको लागि छुट्टै संयन्त्र निर्माण गर्नुपर्ने ।
- मानवअधिकार रक्षकको संरक्षणका लागि राष्ट्रिय र क्षेत्रीयस्तरबाट सञ्जालहरूको स्थापना र सोहीसम्बन्धी नीति तथा योजनाहरू तर्जुमा गर्नुपर्ने ।
- मानवअधिकार रक्षकको हक र अधिकारहरू मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्रमा सुनिश्चित भएअनुरूप सम्मान र संरक्षण गर्नुपर्ने ।
- मानवअधिकार रक्षकविरूद्ध भएका घटनाहरूको छिटो तथा स्वतन्त्र तवरबाट अनुसन्धान गरी पीडकहरूलाई सजाय र पीडितहरूलाई न्याय सुनिश्चित गर्नुपर्ने ।

* एनेकपा (माओवादी), खुम्बुवान राष्ट्रिय मोर्चा, अनेरास्वावियू (क्रा), जनजाती महासंघ, थारुहट संघर्ष समिति, मधेसी टाईगर, सर्वसाधारण,

** नेपाली सेना, प्रहरी, सरकारी कर्मचारी

इन्सेक insec

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

कलङ्की, स्यूचाटार, काठमाडौं

फोन ४२७८७७०, फ्याक्स ४२७०५५१